Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

**DOI: https://doi.org/10.3126/spandan.v14i2.74866**

# इथरमा कोरिएको प्रेमपत्र नाटकमा विचार

**डा. शालिकराम पौड्याल**
**त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस**
*paudyalshalikram@gmail.com*

**लेखसार**

*प्रस्तुत लेख 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा प्रयुक्त विचारको अध्ययनमा केन्द्रित रहेको छ । यस लेखमा प्राथमिक स्रोतको सामग्रीका रूपमा सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकलाई लिइएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा सरुभक्तका बारेमा गरिएका अध्ययनलाई लिइएको छ । यसमा दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा नाटकको विधातत्वअन्तर्गत विचार तत्वलाई सैद्धान्तिक आधार बनाएर नाटकको विश्लेषण गरिएको छ । नेपाली नाटक जगत्का प्रयोगवादी नाटककारका रुपमा परिचित सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' मानवपात्र र मानव निर्मित (रोबोट) पात्रलाई लिएर प्रयोगवादी शैलीमा लेखिएको विज्ञान विषयक नाटक हो । यसमा विज्ञानले आविष्कार नगरिसकेको न्युक्लियर ब्याक्टेरियोलोजीको स्वपरिकल्पित सिद्धान्त प्रस्तुत गरिएको छ । यसमा वैज्ञानिक उन्नति र प्रगतिको व्यापक चित्रण, मानव समाज र सभ्यताको उपलब्धि सङ्कटमा पर्दै गएको अवस्था, वैज्ञानिक खोज, अनुसन्धान र उपलब्धिले मानव-मानवमा ईर्ष्या, लोभ, हिंसा, विद्रोहको भाव जगाएको, मानव ब्रह्माण्डको खोज र स्वामित्वप्राप्तिका लागि छटपटाइरहेको अवस्था आदिलाई देखाइएको छ । मानवीय स्वतन्त्रतालाई सर्वश्रेष्ठ चिन्तन बनाउने विचार व्यक्त भएको यो नाटक प्रयोगवादी कित्ताको नाटक भएको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *बौद्धिकता, प्रयोगवादी, आणविक, पारमाणविक, मानवतावाद ।*

## विषयपरिचय

सरुभक्त (वि.सं. २०१२) नेपाली नाट्य क्षेत्रका सशक्त प्रतिभा मानिन्छन् । उनका प्रकाशित नाट्यकृतिहरूमा *युद्ध : उही ग्याँस च्याम्बरभित्र* (२०४२), *यामभरिको चिसोपना* (२०४२), *विस्फोटको तेस्रो पाइला* (२०४२), *इथर* (२०४४), *मलामीहरू* (२०५३), *एस धम्मो सनंतनो* (२०५४), *असमय*

Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

*अमौसम* (२०५४), *निमावीय* (२०५५), *सिरुमारानी* (नाटकसङ्ग्रह २०६१), *गाउँको कथा यस्तो हुन्छ है* (नाटकसङ्ग्रह २०६१) आदि छन् । उनले सामाजिक, वैज्ञानिक, ऐतिहासिक, राजनीतिक, आर्थिक आदि विषयमा नाटक लेखेर नेपाली नाट्यसाहित्यलाई समृद्ध तुल्याएका सरुभक्त सामाजिक पीडा, विश्वयुद्धजन्य समस्या, पूँजीवादी विश्व नीतिका असरजस्ता राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयवस्तुलाई नाटकमा अनौठो शैलीमा प्रस्तुत गर्दछन् । वैज्ञानिक विषयवस्तुलाई स्वैरकल्पनाको साँचोमा राखेर चिन्तनको लेपन गर्ने नाटककारका रूपमा परिचित उनी मानव सभ्यताप्रति चिन्ता, भौतिकवादी वैज्ञानिक दृष्टिकोण, विशृङखलता र मूल्यहीनताप्रति आक्रोश र शान्ति सुरक्षा तथा प्रगतिको कामना गर्ने नाटककार हुन् । कथानकविहीन नाटकीयता, साङ्केतिक चरित्रचित्रण, न्युन घटनात्मकता, स्वैरकल्पनात्मकता, बौद्धिकता, प्रयोगवादी नवीनता, विषयवस्तुगत नवीनता, प्रस्तुतिगत प्रयोग विशिष्टता उनका नाट्य प्रवृत्तिहरू हुन् । सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा के कस्तो विचारको अभिव्यक्ति पाइन्छ भन्ने समस्यामा केन्द्रित रही उक्त नाटकको वैचारिक पक्षको अध्ययन गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा आवश्यक सामग्री प्राथमिक र द्वितीयक स्रोतबाट लिइएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा सरुभक्तको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकलाई लिइएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा सरुभक्तका बारेमा गरिएका अध्ययनलाई लिइएको छ । यसमा दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस लेखमा सङ्कलित सामग्रीको अध्ययनका लागि नाटकको विधातत्वअन्तर्गत विचार तत्वलाई आधार बनाइएको छ । कृतिपठनलाई केन्द्र मानेर निगमनात्मक विधिबाट सामग्रीको अध्ययन विश्लेषण गरिएको छ ।

## नाटकको विचार तत्वको सैद्धान्तिक अवधारणा

सृजनात्मक साहित्यका विविध विधामध्ये नाटक एक प्रमुख विधा हो । साहित्यका श्रव्य र दृश्य भेदअन्तर्गत नाटक दृश्य भेदअन्तर्गत पर्ने विधा हो । 'नाटक' संस्कृत भाषाबाट नेपाली भाषामा आएको तत्सम शब्द हो । 'नट्' धातुमा 'अक' प्रत्यय लागेर 'नाटक' शब्द बनेको हो । यसको शाब्दिक अर्थ 'अभिनय गर्नु' हुन्छ । 'नाटक' शब्दका लागि अङ्ग्रेजीमा 'ड्रामा' शब्दको प्रयोग गरिन्छ । यसको अर्थ

'अनुकरण गर्नु वा अभिनय गर्नु' भन्ने हुन्छ । नाटकलाई अङ्ग्रेजीमा 'प्ले' पनि भनिन्छ (आचार्य, २०६६, पृ. १) । यसरी नाटक शब्दको व्युत्पत्तिमूलक अर्थबाट जीवनजगत्को अनुकरण गरी त्यसलाई अभिनयद्वारा प्रस्तुत गर्नु नै नाटक हो भन्ने बुझिन्छ । नाटकमा जीवनजगत्का अनुभवहरूलाई रङ्गमञ्चमा पात्रहरूको क्रियाकलाप र अभिनयद्वारा प्रस्तुत गरिने भएकाले यसलाई अभिनयात्मक र रङ्गमञ्चमा प्रस्तुत गरिने भएकाले दृश्यात्मक विधा मानिन्छ । नाटक मञ्चनका दृष्टिले सफल हुनुपर्दछ । नाटकका लागि आख्यानतत्व, काव्यतत्व र नाट्यतत्व तीनैवटाको आवश्यकता हुन्छ । नाटकमा काव्यतत्वलाई नाट्यतत्वले थिचेको हुनुपर्दछ । नाटक रचनाका लागि केही आवश्यक उपकरणहरू चाहिन्छन् त्यही नाटक रचनाका उपकरणहरू नै नाटकका तत्व हुन् । संस्कृत साहित्यमा वस्तु, नेता र रसलाई नाटकका प्रमुख तत्व मानिएको छ भने पश्चिममा अरस्तुले कथानक, पात्र, पदरचना, विचार, दृश्यविधान र गीतलाई नाटकका तत्व मानेका छन् । नाटकको मुख्य उपकरणका रुपमा रहेको विचारका बारेमा प्रस्तुत भएका विभिन्न अवधारणालाई यहाँ प्रस्तुत गरिएको छ । संस्कृत आचार्यहरुले नाटकको उद्देश्य नैतिक उपदेश र मनोरञ्जन प्रदान गर्नु हो भनेको पाइन्छ भने पाश्चात्य नाटककारहरुले नाटकको समष्टि प्रभावलाई उद्देश्य स्वीकारेको पाइन्छ (मल्लिक, सन् १९९३, पृ.७७) । पूर्वीय आचार्यका विचारमा रस नै नाटकको मुख्य प्राप्ति हो । एरिस्टोटलका अनुसार दुःखान्तकको मुख्य उद्देश्य दर्शक पाठकलाई शिक्षा दिनु नभएर त्रास र करुणाका भाव सञ्चार गराएर दर्शक पाठकको मनोभाव विरेचित गर्नु हो (नगेन्द्र, सन् २००३, पृ. १९) । एरिस्टोटलले "दुःखान्तक कुनै त्यस्तो गम्भीर, स्वयम्मा पूर्ण र निश्चित आयामयुक्त कार्यको अनुकरण हो, जुन समाख्यानात्मक नभई प्रदर्शनात्मक हुन्छ" भनेका छन् (ज्ञवाली, २०६३, पृ. २८) । एरिस्टोटलका अनुसार विचारअन्तर्गत वाणीद्वारा उत्पन्न गरिने प्रत्येक प्रभाव आउँछ । यसमा प्रमाण, प्रतिवाद, करुणा, त्रास, क्रोध आदि भावहरुको उद्बुद्धि तथा अतिमूल्यन र अधिमूल्यन जस्ता खण्ड उपखण्ड हुन्छन् (उपाध्याय, २०५२, पृ. ६६) । नाटकको विचारतत्वमा बुद्धितत्व र भावतत्व दुवै रहेका हुन्छन् । लेखकले नाटकमा प्रयोग गरेका पात्रद्वारा विचार प्रस्तुत गरेको छ भने त्यो विचार वस्तुगत हो । लेखकले नाटकका अवयव कथावस्तु, चरित्र, विचार प्रतिपादन, भावाभिव्यक्ति, दृश्ययोजना आदिद्वारा विचार प्रतिपादन गरेको हुन्छ भने त्यो आत्मगत हो ( नगेन्द्र, सन् २००३, पृ. ११७) । नाटक (दुःखान्तक) को आधारभूत विचार लेखकबाट प्रतिपाद्य र पात्रका विचार हुन्, जसको प्रतिपादन नाटकको भिन्न भिन्न स्थितिमा आवश्यकताअनुसार गरिएको हुन्छ । नाटकका पात्रको विचारका माध्यमबाट लेखकले आफ्नो विचार व्यक्त गर्ने भएकाले पात्रका विचार

Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

लेखकको प्रतिपाद्य विचारकै अङ्ग रहेको हुन्छ (नगेन्द्र, सन् २००३, पृ. ११७) । विचार तत्व नाटकको वस्तु, नायक र रसमा अन्तर्भूत भएको हुन्छ भन्ने पूर्वीय नाट्य मान्यता रहेको छ । वस्तुविधानमा निहित विचार वस्तुको अङ्ग हो, नायकको विचार नाटककारको व्यक्तित्व हो तथा सारभूत विचार रसपरिपाकको अवस्था हो ।

पूर्वीय तथा पाश्चात्य परम्परामा नाटक धार्मिक अनुष्ठान तथा लोकजीवनसँग सम्बन्धित नृत्य र गीतबाट विकसित भएको हो । मानिसमा रहेको अवस्था, कार्यको अनुकरण गर्ने प्रवृत्तिबाट नै नाटकको प्रारम्भ भएको मान्न सकिन्छ । नाटकको बीज अनुकरण हो । अनुकरणप्रेरित अभिनयात्मक सिर्जन नै नाटक हो । तसर्थ अनुकरण नाटकको मूल प्रेरक र नृत्य तथा गीत त्यसका आदि स्रोत हुन् । नाटक श्रेष्ठ तब मात्र हुन सक्छ जब त्यसले अन्य कलात्मक, सिर्जनात्मक अभिव्यक्तिहरु जसरी नै कुनै न कुनै तीव्र र गहिरो अति महत्वपूर्ण अनुभूति, भाव, विचार, जीवनदृष्टि वा परिस्थितिलाई प्रस्तुत गरेको हुन्छ (श्रेष्ठ, २०७५, पृ. १२६) । यदि नाटकले कुनै सार्थक, विशेष र मूलभूत सन्दर्भ व्यक्त गरेको छैन भने जतिसुकै अभिनय वा साहित्यिक भए पनि कलात्मक मूल्य हुँदैन । यथार्थवादी नाटककारले कलात्मक आनन्द प्रदान गर्नुभन्दा सामाजिक समस्याप्रति चिन्तनशील बन्न प्रेरित गर्नु नाटकको प्रयोजन मान्दछन् । प्रयोगवादी नाटककारले भावकलाई नाटकबाट प्राप्त हुने आनन्दमा तल्लीन हुन नदिनका निम्ति कलात्मक दूरी स्थापना गर्नुपर्ने कुरामा जोड दिन्छन् । नाटकभित्र नाटक हुनाको चेतना कायम राख्दा दर्शक वा पाठक रङ्गमञ्चमा जे जति दृश्य देखाइन्छन् ती दृश्य हाम्रो जीवनका घटना हुन् भन्ने भावनाबाट प्रेरित हुन्छन् भन्ने दृष्टिकोण प्रयोगवादी नाटकमा पाइन्छ (आचार्य, २०६६, पृ. ८) । जीवनजगत्का कार्यव्यापारलाई अनुकरण गरी अभिनयका माध्यमबाट रङ्गमञ्चमा दृश्यात्मक रूपमा नाटकलाई प्रस्तुत गरिने भएकाले यो निकै लोकप्रिय पनि बन्न पुगेको छ । प्रस्तुत लेखमा नाटकको विचारतत्वको केन्द्रीयतामा रहेर सरुभक्तको ‘इथरमा कोरिएको प्रेमपत्र’ नाटकको विचार पक्षका बारेमा अध्ययन विश्लेषण गरिएको छ ।

**छलफल तथा परिणाम**

सरुभक्तको इथर नाटक २०४४ सालमा प्रकाशित नाटक सङ्ग्रह हो । यसमा ‘इथरमा कोरिएको प्रेमपत्र’, ‘गोलार्द्धको कालो आकाश’, ‘ताण्डवनृत्य र अजम्बरी भ्वायलिन’ र ‘विस्फोटको तेस्रो पाइलो’ चारवटा नाटकहरू सङ्कलित छन् । यसमा सङ्कलित पहिलो नाटक ‘इथरमा कोरिएको प्रेमपत्र’ वस्तुगत, समस्यामूलक विज्ञान नाटक हो । यसमा नाटककार सरुभक्तले वैज्ञानिक उन्नतिले देखाएको

Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024
त्रासदीय रूपलाई प्रकाश पार्दै मानवतावादी चिन्तनलाई व्यक्त गरेका छन् । यस लेखमा प्रस्तुत नाटकमा अभिव्यक्त विचारको अध्ययन विश्लेषण गरिएको छ ।

**नाटकमा विचार**

सरुभक्तको प्रस्तुत 'इथरमा कोरिएको प्रेमपत्र' नाटक मानवपात्र र मानव निर्मित (रोबोट) पात्रलाई लिएर प्रयोगवादी शैलीमा लेखिएको विज्ञान विषयक नाटक हो । यसमा विज्ञानले आविष्कार नगरिसकेको न्युक्लियर ब्याक्टेरियोलोजीको स्वपरिकल्पित सिद्धान्त प्रस्तुत गरिएको छ (उपाध्याय, २०५९, पृ.७१) । यस नाटकमा एकातिर वैज्ञानिक उन्नति र प्रगतिको व्यापक चित्रण गरिएको छ भने अर्कातिर मानव समाज र सभ्यताको उपलब्धि सङ्कटमा पर्दै गएको कुरालाई देखाइएको छ । मानवीय स्वतन्त्रतालाई सर्वश्रेष्ठ चिन्तन बनाउने लेखकको उद्देश्य यसमा प्रकट भएको छ । प्रस्तुत विज्ञान-नाटकका बारेमा लेखकको स्वीकारोक्ति यस्तो छ -

> नेपाली साहित्यमा 'विज्ञान-नाटक' नाटकको परम्परा स्थापित भइसकेको छैन । वैज्ञानिक भावभूमिमा एउटा नाटक सिर्जना गर्ने अहम् मूल्य भावनाको परिणति हो- इथर । वस्तुगत, समस्यामूलक विज्ञान नाटकका रूपमा यसको सफलता-असफलता विद्वान् समालोचकहरूद्वारा मूल्याङ्कित होला- म यतिखेर अभाव परिपूर्तिको जमर्को मात्र गर्दै छु (पृ. भूमिका) ।

प्रस्तुत नाटकमा वैज्ञानिक खोज, अनुसन्धान र उपलब्धिले मानव-मानवमा ईर्ष्या, लोभ, हिंसा, विद्रोहको भाव जगाएको, मानव ब्रह्माण्डको खोज र स्वामित्वप्राप्तिका लागि छटपटाइरहेको धारणा व्यक्त भएको छ : "हामी मान्छे जातिको अहम् यति व्यापक र असीमित रूपमा महत्वाकाङ्क्षी छ कि हामीलाई सम्पूर्ण ब्रह्माण्डको ज्ञान र स्वामित्व चाहिएको छ-यो मानव जातिको जन्मसिद्ध अधिकार हो" (पृ.५) । वैज्ञानिक उन्नतिमा आजका मानव अन्धा भएका छन् । ब्रह्माण्डको ज्ञान र स्वामित्वको प्राप्तिका लागि मानव जाति सक्रिय छन् तापनि उनीहरू लक्ष्यमा नपुग्दै उनीहरूको विनाश भएको छ । मानिसले ब्रह्माण्डको ज्ञान र स्वामित्व गर्नु भनेको स्वप्नवत् परिकल्पना मात्र हो । यसले झन् मानव जातिको पतन भएको छ भन्ने कुरालाई नाटकमा देखाइएको छ (पोखरेल, २०६२, पृ.४८८) । प्रस्तुत नाटकमा "मान्छेको नवीनतम र सर्वस्वीकृत गणितअनुसार यो कुरा सम्भव लाग्दैन । यो मानवीय अहम्को नितान्त स्वप्नवत् परिकल्पना हुने छ" (पृ.५) भन्ने आशय प्रकट भएको छ ।

Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

प्रस्तुत नाटकको प्रारम्भमा विज्ञानको आविष्कारले मानव अन्तरिक्षसम्म पुग्न सकेको र मान्छेले पृथ्वीमै बसेर अन्तरिक्ष यानको महायात्रालाई सजिलैसँग अवलोकन गर्न सकेको कुरालाई सङ्केत गरिएको छ । लेखकले वैज्ञानिक आविष्कार र त्यसबाट उत्पन्न हुन सक्ने दुर्घटनाप्रति सङ्केत गरेका छन् । विज्ञानको चमत्कारले मानव संहार गर्ने र मानव जातिको अस्तित्व विनाश गर्ने, मानव जातिको अस्तित्व खतरामा पर्न सक्ने भए पनि यसप्रति मानव जाति गम्भीर हुन नसकेको विचार लेखकले व्यक्त गरेका छन् । प्रस्तुत नाटकमा वैज्ञानिक आविष्कारले मानव जातिको संहार होइन, संरक्षण गर्नुपर्छ, स्वस्थ मानव जातिको उन्नतिमा समर्पित गराउनुपर्छ, विश्व विनाशक शस्त्रको निर्माण गर्नुहुँदैन भन्ने चिन्तन व्यक्त भएको छ । वर्तमानमा वैज्ञानिक आविष्कार विध्वंसात्मक कार्यतर्फ क्रियाशील रहेको कुरा नाटकमा यसरी व्यक्त गरिएको छ- “विश्वभरका अन्तरिक्ष-भौतिकविद्हरू र अन्य तमाम वैज्ञानिकहरू, जो आणविक महायुद्ध अन्तरिक्ष सैनिकीकरण र मानव जातिको पूर्ण अस्तित्व नै समाप्त पार्ने महासंहार यज्ञका लागि होडबाजी गरिरहेका छन्” (पृ.९) ।

नाटककार सरुभक्तले मानव संहारमा लागेको वैज्ञानिक उपलब्धिप्रति असहमति जनाउँदै अब विज्ञानको विकास मानव जाति र पृथ्वीको सम्मुन्नतिमा हुनुपर्ने धारणा व्यक्त गरेका छन् । आणविक शस्त्रअस्त्रको होडबाजीले स्वस्थ समाजको निर्माण हुन नसक्ने तथा विज्ञानको अहम्ले धर्ती तहसनहस भएको दृष्टिकोण नाटकमा व्यक्त भएको छ -“उहिले-उहिले संसार भूकम्पले हल्लिने गर्थ्यो, आजकल संसार आणविक कम्पनले हल्लिने गर्छ” (पृ.११) । नाटककारले विज्ञानको आविष्कारले फड्को मारे पनि तथा ज्ञान विज्ञानको चरम विकास भए पनि मानवीय इतिहासमा आदर्शको पुजारी तथा मानवताको उपासकको अभाव नै रहेकाले आफू आदर्शको पुजारी हुने कुरा नाटकमा यसरी व्यक्त गरेका छन् :

> तपाईं मानव इतिहासका प्रत्येक पानामा महान् व्यक्तिहरूका नाम अङ्कित पाउनु हुनेछ, ज्ञान विज्ञानका पानाहरूमा प्रतिभाशाली व्यक्तिहरूका नाम अङ्कित पाउनु हुनेछ तर दसौं हजार वर्षको मानवीय इतिहासमा दस जना आदर्श र चरित्रवान् व्यक्ति पाउनु भयो भने म त्यसलाई आवश्यकताभन्दा बढी मान्नेछु । प्रति एक हजार वर्षमा एक जना आदर्श र चरित्रवान् व्यक्ति पनि आवश्यकताभन्दा बढी मान्न सकिन्छ । त्यसैले म महानता र प्रतिभा प्रेमी हुनुभन्दा ‘आदर्श’ को पुजारी हुन मन पराउँछु (पृ.३२-३३) ।

प्रस्तुत नाटकमा विश्वमा भएका भीषण युद्धले मानव समुदायमा ठुलो क्षति पुगेको चर्चा गर्दै जापानको हिरोसिमा र नागासाकीमा शस्त्रीकरण र नाभिकीय युद्ध विरोधी प्रदर्शन सभामा विश्व शान्तिका लागि अपिल गरिरहेका शान्तिवादी, अहिंसावादी सज्जनहरूको अस्तित्वहीन अवस्था देखेपछि मानवताका पक्षमा आफूलाई उभिन मन लागेको र मानव रक्षाका निम्ति नयाँ खोज र आविष्कार गर्ने सोच जागेको नाटककारको धारणा प्रकट भएको छ । नाटककारले बाहिर बाहिर विश्व शान्तिको बिगुल बजाउँदै हिँड्ने शक्ति सम्पन्न राष्ट्रहरू दोस्रो विश्वयुद्धको एटम बमभन्दा दुई करोड गुणा बढी विनाश क्षमता भएको बम अर्थात् शस्त्रको निर्माणमा जुटेकोप्रति आक्रोश व्यक्त गरेका छन् । यदि विज्ञानको आविष्कार र उपलब्धिले विध्वंस र हिंसाको बाटोलाई परित्याग गरेन भने विश्व नै ध्वस्त हुने र मानव अस्तित्व समाप्त हुने धारणा लेखकको रहेको छ (पोखरेल, २०६२, पृ.४८९) । नाटककारले वैज्ञानिक विनाशकारी उपलब्धिका विपक्षका आफ्ना धारणा नाटकमा यसरी प्रस्तुत गरेका छन्-

मान्यता-१ विश्वभरका शस्त्रीकरण संलग्न परमाणु वैज्ञानिकहरू मानव अस्तित्वका लागि दुस्मन हुन् र तिनका सहयोगी अन्तरिक्ष वैज्ञानिकहरू, जो अन्तरिक्षमा पारमाणविक हातहतियार स्थापित गर्ने कार्यमा संलग्न भएका छन् । सामान्य रूपले मानव अस्तित्वका दुस्मन हुन् ।

मान्यता-२ मान्छे जातिलाई पृथ्वीमा नै जीवित रहने प्राकृत अधिकार छ र जीवनदायी पृथ्वीलाई 'धरती-माता' का रूपमा आदर गरी यसप्रतिको कर्तव्य पूर्ण इमानदारीपूर्वक पूरा गरिनुपर्छ ।

मान्यता-३ पृथ्वीबाट अन्य ग्रह, नक्षत्रतिर पलायन गरी अन्तरिक्ष बस्ती बसाल्ने आयोजनाले मानवीय अस्तित्वको सङ्कट उन्मूलित हुँदैन, त्यसैले यस्ता अन्तरिक्ष अभियानहरूलाई मानवता विरोधी स्वीकार गरिनुपर्छ ।

मान्यता-४ पृथ्वीका प्रत्येक समस्या र प्रत्येक सङ्कटको समाधान पृथ्वीमा नै खोजिनुपर्छ - यो नै मानव धर्म हो ।

मान्यता-५ विध्वंसात्मक शक्ति उपासना विशेष गरी आणविक, पारमाणविक शक्तिको उपासना, इतिहासको सबभन्दा भयानक मानवीय रोग हो-यस मानवीय रोगलाई 'पूर्ण अस्तित्वविरोधी सङ्क्रात्मक महामारी' को दर्जा प्रदान गरी उपचार विधि खोजिनुपर्छ (पृ. ३७-३८) ।

प्रस्तुत नाटकमा दास मनोवृत्तिका उत्पादक मानव जाति हुन्, मानव जातिको हजारौं वर्षको इतिहासमा मान्छे कसरी मालिक र दास हुन्थे, भू-स्वामी र मजदुर हुन्थे, पूँजीपति र साम्यवादी हुन्थे भन्ने कुरा स्पष्ट भएको धारणा लेखकले देखाएका छन् । तथाकथित मानव जातिको इतिहासमा यस्ता वर्गीय असमानताका कुराहरू भए पनि यी सबै दन्त्यकथा जस्तै पुरानो र थोत्रो भइसकेको दृष्टिकोण लेखकको छ । न्याय, स्वतन्त्रता र समानताको माग जीवन्त रहने कुरा नाटकमा यसरी प्रस्तुत भएको छ -

> न्याय, स्वतन्त्रता र समानताको माग कुनै पनि युगमा अप्रासङ्गिक हुँदैनन् । न्यायको बयान र शैली बदलिन सक्छ, स्वतन्त्रताको पोस्टरको रङ बदलिन सक्छ र समानताको प्ले कार्डको आकार मात्र परिवर्तित हुन सक्छ । युग युगका विद्रोही मागका दृश्यात्मक पृष्ठभूमिका भावहरू शाश्वत हुन्छन् ...... (पृ.२२) ।

वर्तमान परिस्थितिमा मानवतावाद खोक्रो बनेको छ, बाँधिएको छ, थुनिएको छ भन्दै नाटककारले हिंसात्मक प्रवृत्तिमा संलग्न शक्ति सम्पन्न राष्ट्रवादलाई रक्त पिपासु र राष्ट्रवादका किटाणुको संज्ञा दिएका छन् । राष्ट्रवादका किटाणुको भयावह स्थितिले मानव सभ्यतामा सन्त्रास र कोलाहल फैलिएको प्रति लेखक चिन्तित देखिएका छन् (पोखरेल, २०६२, पृ.४८९) । शक्ति-उपासक मानवका अहम्हरूले यस सुन्दर पृथ्वीलाई पत्थर युगदेखि नाभिकीय युगको चरमचुलीमा पुऱ्याएर 'सम्पूर्ण अस्तित्व' मा सङ्कट आमन्त्रित गरेको नाटकको पात्र डा. एक्सलाई स्वीकार्य छैन । त्यसैले उसले आफ्नो अहम् पृथ्वीलाई 'दोस्रो जन्म' दिन खोजेको छ । उसलाई पृथ्वी इथरमा कोरिएको एक उपेक्षित प्रेमीको प्रेमपत्र जस्तो लाग्छ र अरू सबैले यसको उपेक्षा गरे पनि पृथ्वीप्रेमी हुनाको नाताले ऊ भने त्यसो गर्न सक्दैन (उपाध्याय, २०६१, पृ. २१९) । वैज्ञानिकहरूले सर्वशक्तिमान् ईश्वरीय वैभव लुट्न खोज्दा मनुष्यत्व नै लुटमा परेको छ भन्दै नाटककारले शक्ति उपासक मानव जातिको अहम्ले नै मानवजातिको अस्तित्व सङ्कटमा परेको कुरा नाटकमा यसरी व्यक्त भएको छ :

> शक्ति-उपासक मानव जातिका अहम्हरूले यस सुन्दर पृथ्वीलाई पत्थर युगदेखि नाभिकीय युगको चरमचुलीमा पुऱ्याएर 'सम्पूर्ण अस्तित्व' मा सङ्कट आमन्त्रित गरेको छ जुन मलाई स्वीकार्य छैन । म आफ्नो अहम्ले पृथ्वीलाई 'दोस्रो जन्म' दिन्छु । ............... वस्तुतः म यो निलो पृथ्वीलाई माया गर्छु । ............ वास्तवमा मुटु जस्तो हाम्रो पृथ्वी इथरमा कोरिएको

Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

एक उपेक्षित प्रेमीको प्रेम पत्र भएको छ । यसलाई सबैले उपेक्षा गरे पनि म उपेक्षा गर्न सक्दिनँ । (पृ. ३९)

नाटककारले आणविक पारमाणविक नाभिकीय हतियारका विरुद्धको खोज गरिरहेको बताउँदै 'न्युक्लियर ब्याक्टेरियोलोजी' पत्ता लगाएको र यसले मानव रक्षा गर्न सक्ने धारणा राखेका छन् । एन्टी न्युक्लियर इन्जेक्सन, केप्सुल र सामान्य चक्कीलाई सर्वसुलभ बनाएर मानवमा प्रतिरोधात्मक क्षमता अभिवृद्धि गराएर मानवीय अस्तित्व बचाउन चाहन्छन् र अझ 'स्थायी योजना' निर्माण गर्ने आविष्कारमा प्रयत्नशील रहने नाटककारले धारणा राखेका छन् । पृथ्वी, मानव, सबै प्राणीको अस्तित्व बचाउनुपर्छ भन्दै 'पृथ्वी जीवनका लागि र जीवन पृथ्वीका लागि' (पृ. ४६) भन्ने स्वर नाटकमा प्रकट भएको छ ।

गहन वैज्ञानिक खोज अनुसन्धानमा क्रियाशील जीव वैज्ञानिक एवम् मानवतावादी दृष्टिकोण राख्ने नाटकको प्रमुख पात्रको रूपमा आएको डा. एक्सका माध्यमबाट पृथ्वीमा अनेकौँ आणविक शस्त्रास्त्रको होडबाजी गरी आफ्नो स्वार्थमा केन्द्रित हुने वैज्ञानिकलाई गम्भीर चुनौती दिँदै पृथ्वीवासीको अस्तित्व बचाई बाँच्न पाउने अधिकार रक्षा गर्ने प्रतिबद्धता व्यक्त भएको छ (चालिसे, पृ. ५०) । नाटकमा आणविक तथा शस्त्रास्तको होडवाजीमा विश्वका वैज्ञानिक लागि रहेको जुनसुकै वेला पृथ्वीमा सङ्कट आउन सक्ने र आणविक र परमाणिक हतियार अत्यन्त सङ्कमक महामारी रोगका ब्याक्टेरिया समान हुने धारणा प्रकट भएको छ । प्रयोगशालामा व्यस्त डा. एक्सको सहयोगीका रूपमा आएको ०३ विकसित यन्त्र मानवले +०० (यन्त्र मानव बालिक) बालक यन्त्रमानवलाई छोरो सम्झेर आत्मिक प्रेम गर्दै मातृत्वको भाव प्रकट गरेको सन्दर्भ नाटकमा देखाएर यन्त्रमानव क्रियाकलापमा मानवीय जीवन भोगाइमा रूपान्तरित हुन सक्ने कुरा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ (चालिसे, पृ. ५३) । प्रस्तुत 'इथरमा कोरिएको प्रेम पत्र' नाटक नेपाली नाट्य परम्पराको नवीन शैलीशिल्पको प्रयोग गरिएको विज्ञान नाटक हो । नेपाली साहित्यमा विज्ञान नाटकको परम्परा सुरुवात गरेका सरुभक्तले यस नाटकमा विज्ञानसँग सम्बन्धित विषयवस्तुलाई प्रयोग गरी विश्वसमुदायमा मानवताको सन्देश प्रवाहित गरेका छन् । यस नाटकले अङ्गीकार गरेको विषयवस्तु परम्पराभन्दा भिन्न विज्ञानसँग सम्बन्धित छ । वैज्ञानिक उन्नतिले देखाएको त्रासदीय रूपलाई उद्घाटन गरिएको यस नाटकमा पात्रप्रयोग, संवाद, दृश्यविधान, भाषाशैली आदिमा नवीनता भेटिन्छ ।

Spandan Peer-Reviewed Journal Year: 14 Vol.14 Issue: 2 December 2024

प्रस्तुत नाटकमा प्रयोग भएका पात्रहरू परम्परा भिन्न छन् । वैज्ञानिक विषयवस्तुका सन्दर्भमा आएका पात्रहरू विषयवस्तुअनुरूप विज्ञान कै उपजका रूपमा देखिन्छन् । संवाद प्रयोगका दृष्टिले हेर्दा एउटै संवाद कथन अत्यधिक लामो हुनु, विषयानुकूल स्तरीय संवाद भए पनि मञ्चीयताका दृष्टिले अनुकूल नहुनु यस नाटकको संवादको विशिष्टता र नवीन पक्ष हो । विज्ञान प्रविधिसँग सम्बन्धित भाषाको प्रयोगका कारण भाषशैली स्तरीय र बौद्धिक रहेको छ भने वैज्ञानिक विषयलाई वैचारिकता साथ प्रस्तुत गरिएकाले नाटकको भाषाशैली ओजपूर्ण देखिन्छ । प्रस्तुत नाटकको दृश्यविधानमा नवीनता देखिन्छ । अङ्कमा विभाजन नगरी दृश्यमा मात्र विभाजन गरिएको प्रस्तुत नाटकमा अत्याधुनिक सुविधायुक्त बैठक कोठा र वैज्ञानिकको अत्याधुनिक प्रयोगशालालाई रङ्गमञ्च बनाइएको छ भने स्वतःस्फूर्त रूपमा दृश्यलाई परिवर्तन गराइएको छ । वैज्ञानिक विषयलाई लिएर रचना गरिएको यस नाटकमा आणविक युद्धको विरोध गरी मानवको रक्षाका लागि जुट्न र पृथ्वीका प्राणीको अस्तित्व बचाउनका लागि अग्रसर हुन आग्रह गरिएको छ । प्रस्तुत नाटक प्रयोगवादी नाटक हो र यसमा परम्परा भिन्न नवीन पक्षहरू समावेश गरी रचना गरिएको कुरा नाटककारले स्वीकार गर्दै यसो भनेका छन् :

> नेपाली साहित्यमा विज्ञान नाटकको परम्परा स्थापित भइसकेको छैन । .......म  यतिखेर अभावपूर्तिको जमर्को गर्दै छु । प्रयोगवादी सोचाइले परम्परालाई पुरानो भनी हेला गरेन भने र परम्परावादी आग्रहले प्रयोगात्मक नवीनतालाई उपेक्षा गरेन भने यो प्रयोग र परम्पराको सेतुबन्धले सार्थकता प्राप्त गर्नेछ (भूमिका) ।

प्रस्तुत नाटकमा अत्याधुनिक प्रयोगशालामा मस्तिष्कसहित मनको स्तरमा विकसित मानवनिर्मित मानवसँग काम गरेको डा. एक्सका माध्यमबाट पृथ्वीबाट अन्य ग्रह र अन्तरिक्षमा बस्ती बसाल्दैमा मानवीय अस्तित्वको सङ्कट उन्मूलन नहुने विचार प्रकट भएको छ । डा. एक्सका माध्यमबाट पृथ्वीका प्रत्येक समस्याको समाधान पृथ्वीमै खोज्नुपर्ने, आणविक शक्तिको उपासना भयानक मानवीय रोग भएकाले त्यसको उपचारविधि खोज्नुपर्ने विचार नाटककारले व्यक्त गरेका छन् (आचार्य, २०८०, पृ ६१) । यसप्रकार कथावस्तु, पात्र विधान, दृश्य योजना, संवाद, भाषाशैली जस्ता पक्षहरूलाई परम्पराभन्दा भिन्न तरिकाले प्रयोग गरिएकाले यस नाटकलाई नेपाली नाट्य परम्पराको प्रयोगवादी नाटक मान्न सकिन्छ ।

## निष्कर्ष

विज्ञान विषयमा आधारित 'इथरमा कोरिएको प्रेम पत्र' नाटकमा विज्ञानको सहज परिणतिद्वारा प्राकृत जीवन अवरुद्ध भएको तथ्य र विज्ञानले मानिसलाई रोबोटमा परिणत गरिदिएको वास्तविक तथ्यलाई प्रस्तुत गर्दै व्यक्तिको अहङ्कारी र महत्वाकाङ्क्षी भावनाले विश्व सङ्कटग्रस्त बन्दै गएको छ भनी नाटककारले विज्ञानको आविष्कारलाई हिंसात्मक प्रवृत्तिमा नलगाई रचनात्मक र प्रकृति तथा जीवनको संरक्षणमा लगाउनुपर्ने जीवनवादी चेत व्यक्त गरेका छन् । यान्त्रिकता र यान्त्रिक सभ्यता विज्ञानको देन हो । आजको जीवनपद्धति यही यान्त्रिकता र यान्त्रिक सभ्यतामा छटपटाइरहेको छ । कथावस्तुमा वैज्ञानिक विषयको प्रयोग, पात्रगत विविधता र बहुलता अनि सङ्ख्यावाचक पात्रको प्रयोग, अत्याधुनिक सुविधायुक्त बैठक कोठा र वैज्ञानिकको अत्याधुनिक प्रयोगशालालाई रङ्गमञ्चका रूपमा उपयोग, लामा लामा संवाद तथा विज्ञान प्रविधिसँग सम्बन्धित आगन्तुक बहुल शब्दको प्रयोग, बौद्धिक भाषाशैली, वैज्ञानिक आविष्कारको होडबाजी तथा नरसंहारकारी युद्धको अन्त्य गरी पृथ्वी, मानिस र मानवको अस्तित्व बचाउनुपर्ने विचार व्यक्त गरिएको प्रस्तुत नाटक नेपाली नाट्य परम्परामा देखापरेको प्रयोगवादी विज्ञान नाटक हो । वैज्ञानिक प्रगति, उपलब्धि र विज्ञानले मानव जीवनमा पुऱ्याएको विवशतापूर्ण जीवन भोगाइको चित्रण यस नाटकमा गरिएको छ । विज्ञान नाटकको प्रथम प्रयोग नेपाली नाटकमा गरेका सरुभक्तको यो नाटक नेपाली साहित्यको महत्तम उपलब्धि हो ।

## सन्दर्भ सामग्रीसूची

आचार्य, उषा (२०८०). सरुभक्तका विज्ञाननाटकमा स्वैरकल्पना. *प्रज्ञा,* १२४ (२), ५४-६४. https://doi.org/10.3126/prajna.v124i2.60580

आचार्य, व्रतराज (२०६६). *आधुनिक नेपाली नाटक.* ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५२). *नाटक र रङ्गमञ्च.* काठमाडौँ : रुमु प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५६). *नाटकको अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५९). *नेपाली नाटक तथा रङ्गञ्च उद्‌भव र विकास.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, केशवप्रसाद (२०६१). *नेपाली नाटक र नाटककार.* ललितपुर : साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०६३). *पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या.* काठमाडौँ : हजुरको प्रकाशन ।

चालिसे, गणेश (सन् २०२०). इथर नाटकको पात्रविधानमा प्रयोगशीलता. *Janapriya Journal of Interdisciplinary Studies, 9*(1), 45–55. https://doi.org/10.3126/jjis.v9i1.46532.

नगेन्द्र (सन् २००३). *अरस्तु का काव्यशास्त्र.* इलाहावाद : भारती भण्डार ।

पोखरेल, रामचन्द्र (२०६२). *नेपाली नाटक सिद्धान्त र समीक्षा.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

मल्लिक, शान्ति (सन् १९९३). *नाट्य सिद्धान्त विवेचना.* दिल्ली : ज्ञान भारती ।

श्रेष्ठ, अविनाश (२०७५). रङ्गमञ्च. *रङ्गदृष्टि-१* (सम्पा. रामचन्द्र पोखरेल र अन्य). पोखरा : नेपाल नाट्य प्रज्ञा प्रतिष्ठान. १२१-१३८ ।

सरुभक्त (२०४४). *इथर.* ललितपुर : साझा प्रकाशन ।